# नेपाल राष्ट्र बैंक
## सिद्धार्थनगर कार्यालय

### सरसफाई सम्वन्धी कार्यको लागि सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७४।०५।१८)

यस बैंकको सिद्धार्थनगर कार्यालयका सबै भवन, टहरा, शौचालय, मुलगेटको अग्रभाग, बैंक परिसरभित्रको सम्पुर्ण आंगन, चोक, बरण्डा, पेटी, बाटो, खूला ढल र सवारीसाधन ग्यारेजहरु दैनिक रुपमा सरसफाई गर्ने कार्य ठेक्का दिई गराउनु पर्ने भएकोले उक्त कार्य गर्न इच्छुक कालोसूचीमा नपरेका व्यक्ति/फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलवन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म (सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) बैकिङ्ग कारोवार समय ४:०० बजे भित्र यस बैंकको सिद्धार्थनगर कार्यालय, सिद्धार्थनगरबाट रु.५००।०० (अक्षरेपी पांच सय मात्र) तिरी (पछि फिर्ता नहुने) खरिद गर्न सकिने छ । त्यसरी खरिद गरेको र आधिकारिक दस्तखत, छाप भएको फाराममा सिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म (सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र यस बैंकको सिद्धार्थनगर कार्यालयमा सिलवन्दी दरभाउपत्र दाखिला गरी सक्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन) दिउंसो २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

४. सिलबन्दी दरभाउपत्र फाराम पेश गर्दा निवेदनका साथ फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र/भ्याट दर्ता प्रमाणपत्र, आ.व.२०७२/०७३ को कर चुक्ता प्रमाणपत्र वा आ.व. २०७३/०७४ को करको विवरण पेस गरेको प्रमाणको प्रतिलिपि अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र साथ विडवण्ड वापत रु.२३,०००।०० (अक्षरेपी तेईस हजार मात्र) यस बैंकको सण्ड्री क्रेडिटर्स हिसाब (१९०९९९/०११/००२/५२४) मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस बैंकबाट इजाजत प्राप्त बैंक/वित्तीय संस्थाबाट सो रकम बराबरको यस बैंकको पक्षमा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन मान्य अवधि भएको बैंक ग्यारेन्टीको सक्कल प्रति संलग्न हुनु पर्नेछ ।

६. दरभाउपत्र सम्वन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम तथा सार्वजनिक खरिद ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

७. यस सम्वन्धमा थप जानकारी चाहिएमा नेपाल राष्ट्र बैंक सिद्धार्थनगर कार्यालय, आन्तरिक प्रशासन फांट (फोन नं.०७१-५२०२६८) मा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

नेपाल राष्ट्र बैंक
सिद्धार्थनगर कार्यालय